यस व्यास नगरकार्यपालिकाको १८३ औं बैठक आज मिति २०८०/११/१५ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री गंगालाल सुवेदी | उपस्थित |
| का.बा. वडाध्यक्ष, ९ | - श्री सन्तोष जि.सी. | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: मिति २०८०/१०/२२ र मिति २०८०/११/१ को बैठकको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: सरसफाई केन्द्रको जग्गा खरिद सम्बन्धमा ।
प्रस्ताव नं.३: भूमि इकाईबाट जग्गा नापी प्रकृयाको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.४: हालसम्मको नगरपालिकाको आय-व्यय विवरण सम्बन्धमा ।
प्रस्ताव नं.५: शीर्षकजन्य बजेट वितरणको विवरण सम्बन्धमा ।
प्रस्ताव नं.६: अल्ट्रा म्याराथन खेलकुद प्रतियोगिता खर्च विवरण सम्बन्धमा ।
प्रस्ताव नं.७: व्यास नगरपालिका विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.८: मनसुनजन्य विपद्बाट सम्बोधन हुन नसकेका अत्यावश्यक घर-बास विपद् सम्बन्धमा ।
प्रस्ताव नं.९: फोहोर मैला व्यवस्थापन GPS र कम्प्रेशन मेशिन खरिद सम्बन्धमा ।
प्रस्ताव नं.१०: विपद्जन्य अग्नी नियन्त्रणको साधनहरुको नवीकरण सम्बन्धमा ।
प्रस्ताव नं.११: व्यास नगरपालिका टोल विकास संस्था सञ्चालन कार्यविधि संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.१२: तनहुँ विद्युत परियोजनाको फोहोर मैला व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१३: घाट अनुगमन समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.१४: पुराना घर भत्काई आएका सामग्रीको व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१५: ठेक्का स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.१६: वडा कार्यालय भवन निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.१७: नगरपालिकाको स्वास्थ्य प्रोफाइल निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.१८: धानबाली प्रवर्द्धन कार्यक्रमको प्राप्त आवेदन छनौट सम्बन्धमा ।
प्रस्ताव नं.१९: गर्भवती महिला पोषण खर्च थप श्रोत सम्बन्धमा ।
प्रस्ताव नं.२०: स्लेट ढुंगा उत्खनन तथा कटिङ उद्योग दर्ता सम्बन्धमा ।
प्रस्ताव नं.२१: जग्गा वर्गीकरण संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.२२: तनहुँ विद्युत परियोजनाबाट निस्किएको मग व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.२३: अन्तर्राष्ट्रिय संघसंस्थाको सदस्यता दस्तुर भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.२४: अतिरिक्त समयमा काम गरेका कर्मचारीको भत्ता सम्बन्धमा ।
प्रस्ताव नं.२५: महिला उद्यमी व्यापार प्रदर्शन एवं प्रवर्द्धन मेला सम्बन्धमा ।
प्रस्ताव नं.२६: निजी जग्गाको ढुंगा गिट्टी वालुवा बिक्री अनुमति सम्बन्धमा ।
प्रस्ताव नं.२७: सरसफाई कर्मचारीको करार सम्झौता सम्बन्धमा ।
प्रस्ताव नं.२८: सार्वजनिक सुनुवाई सम्बन्धमा ।
प्रस्ताव नं.२९: मासु प्रवर्द्धन कार्यक्रम मापदण्ड निर्धारण र पुनः सुचना प्रकाशन सम्बन्धमा ।
प्रस्ताव नं.३०: दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धमा।
प्रस्ताव नं.३१: गणेशमान पार्कको जग्गा नगरपालिका अन्तर्गत माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३२: विपद्जन्य तथा अत्यावश्यक काममा रकम विनियोजन सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा व्यास नगर कार्यपालिकाको मिति २०८०/१०/२२ को निर्णयको समीक्षा मिति २०८०/११/१ को बैठकमा गर्न नसकिएको हुँदा सो बैठकका निर्णयहरु र मिति २०८०/११/१ का बैठकका निर्णयहरुको समीक्षा गरियो, साथै यस वर्ष विभिन्न शीर्षकमा उल्लेखित रकमको सीमा र नगरपालिकाको आय समेतको समीक्षा गरी अत्यावश्यक र विपद्जन्य कार्य बाहेक अन्य विषयमा रकम विनियोजन नगर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको विगत लामो अवधिमा सरसफाई केन्द्रको अस्थायी प्रबन्ध हुँदै आएको, शहरीकरण बढ्दै जाँदा फोहोरको मात्रा बढ्दै गएको अवस्थालाई ध्यान दिई वडा नं.२ का अध्यक्ष श्री काशीराम श्रेष्ठको अध्यक्षतामा गठित जग्गा व्यवस्थापन समितिको प्रतिवेदन अनुसार नगरपालिकाको नाउँमा सरसफाई केन्द्र स्थापना गर्न आफ्नै जग्गा नभएको, सार्वजनिक जग्गा समेत व्यवस्थापन गर्न नसकिएकाले जग्गा खरिद ऐनको प्रावधान अनुसार जग्गा खरिद गर्न नगरपालिकाका वरिष्ठ आ.ले.प. अधिकृत श्री कुमार कञ्चन जि.सि. लाई प्रारम्भिक अधिकृत मुकरर गरी श्री ईश्वरराज पन्थ शेयरधनी भएको श्री यूगिन कृषि फार्म प्रा.लि.का नाउँको निम्न लिखित जग्गा खरिद प्रकृया अघि बढाउने निर्णय गरियो ।

| क.सं. | जग्गाधनी | नक्सा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| १. | श्री यूगिन कृषि फार्म प्रा.लि. | साविक केशवटार ७/झ | ५ बारी दोयम | २-१५-२-२ |
| २. | " | " | ३० खेत सिम | ०-४-२-१ |
| ३. | " | ७/झ | ३७१ बारी सिम | १-१२-०-० |
| ४. | " | " | २३ खेत सिम | ०-३-०-२ |
| ५. | " | " | ३७२ बारी सिम | १-११-०-३ |
| ६. | " | " | ४ बारी सिम | ३-०-३-२ |
| ७. | " | " | ६ बारी दोयम | ४-६-३-३ |
| ८. | " | " | २४ खेत सिम | ०-५-०-३ |
| ९. | " | " | ३१ खेत सिम | ०-६-०-२ |
| १०. | " | " | २२ खेत सिम | २-१२-०-३ |
| ११. | " | " | ३४ खेत सिम | ३-८-२-२ |
| १२. | " | " | ३६ खेत सिम | ०-१२-२-१ |
| १३. | " | " | २६ खेत सिम | ६-९-०-३ |
| १४. | " | " | ८ खेत सिम | १-३-०-० |
| १५. | " | " | २९ खेत सिम | १-१-१-३ |
| १६. | " | " | ३२ खेत सिम | ०-११-०-३ |
| १७. | " | " | २५ खेत सिम | १-१२-१-१ |
| १८. | " | " | २७ खेत सिम | ०-१५-३-२ |
| १९. | " | " | २८ खेत सिम | २-७-२-० |
| २०. | " | " | ३३ खेत सिम | २-१२-०-० |
| २१. | " | " | ३७ खेत सिम | ०-३-३-३ |
| | | | **जम्मा** | **३९-१५-१-३** |

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकारको भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीको जग्गा नापजाँच गरी जग्गाधनी प्रमाणपूर्जा वितरण गर्ने अभियान अन्तर्गत यस नगरपालिकाको १४, १३, १२ नं.वडाको नापी प्रकृया सम्पन्न भएको, अब वडा नं.११ को नापी प्रकृया प्रारम्भ गरिन लागेकोमा यस अधिको निर्णयले भूमिहिन दलित, भूमिहिन सुकुम्बासीको जग्गा नापीलाई प्राथमिकता दिने भनी निर्णय भएकोमा वडा नं.११ को भऱ्याङदी, कोकलडाँडा लगायतका घरजग्गा भोग-चलन गरेका तर जग्गा दर्ताका विभिन्न आयोगबाट जग्गा दर्ता हुन छुट भइरहेकाले ती वस्तीहरुको सुकुम्बासी र अव्यवस्थित बसोवासीको जग्गा साथै नाप्नुपर्ने भनी स्थानीय सरोकारवालाहरुको माग भई आएकाले जग्गा दिन नमिल्ने

जग्गालाई हाल नापी प्रकृया रोकी अन्य जग्गाको हकमा वडा नं.१२, १३, १४ जसरी नै नापी प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/११/१५ सम्मको आय-व्यय निम्नानुसार भएको विवरण आर्थिक प्रशासन शाखाबाट जानकारी प्राप्त भयो ।

**आय तर्फ :**

| क.सं. | शीर्षक | लक्षित | प्राप्त | प्रतिशत |
|---|---|---|---|---|
| १. | आन्तरिक आय | १३,६८,६५,८५५।- | ६,६६,७०,१४३।६३ | |
| २. | संघीय समानीकरण | १७,९९,००,०००।- | ८,९९,५०,०००।- | |
| ३. | संघीय राजश्व बाँडफाँड | १५,४१,३२,०००।- | ६,९७,७७,१८४।३१ | |
| ४. | घरजग्गा रजिष्ट्रेशन दस्तुर बाँडफाँड | ८,५९,००,०००।- | १,७४,८७,२५९।६३ | |
| ५. | संघीय सशर्त अनुदान | ७३,९६,२०,०००।- | ३८,९२,८८,७९०।- | |
| ६. | प्रदेश समानीकरण | २,६०,६८,०००।- | १,३०,३४,०००।- | |
| ७. | प्रदेश राजश्व बाँडफाँड | २,३३,०१,०००।- | १,१७,४४,७६४।- | |
| ८. | विज्ञापन कर | ६५,००,०००।- | ०।- | |
| ९. | स्थानीय राजश्व बाँडफाँड | ५,२८,८२,०००।- | १,३४,३८,८०३।९२ | |
| १०. | संघ विशेष अनुदान | २,५०,००,०००।- | ०।- | |
| ११. | संघ समपुरक अनुदान | ३,१०,००,०००।- | ०।- | |
| १२. | प्रदेश विशेष अनुदान | ६०,००,०००।- | ३०,००,०००।- | |
| १३. | प्रदेश समपुरक अनुदान | ६०,००,०००।- | ३०,००,०००।- | |
| १४. | मौज्दात अल्या | ५,१८,२६,०००।- | ५,१८,२६,०००।- | |
| १५. | जनसहभागिता | ५०,००,०००।- | १३,०३,४७२।५० | |
| १६. | सडक बोर्ड | ९५,००,०००।- | ०।- | |
| १७. | जि.स.स. कोष सहयोग | १,५०,००,०००।- | ०।- | |
| १८. | नगर विकास कोष ऋण सहयोग | १०,००,००,०००।- | ०।- | |
| १९. | विविध | ००।- | ०।- | |
| २०. | (क) १०८ को सोधभर्ना प्राप्त ( आन्तरिक) | १,९६,५२,१४५। | १,९६,५२,१४५।- | |
| २१. | (ख) तनहुँ हाइड्रोपावरबाट प्राप्त ( आन्तरिक) | ८,३६,८७३।८४ | ८,३६,८७३।८४ | |

**व्यय तर्फ :**

| क.सं. | शिर्षक | लक्षित | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | पूँजीगत खर्च | ७२,९६,१७,०००।- | ११,९९,०२,३२४।- | १६.४३ |
| २. | चालु खर्च | ९४,४५,३०,०००।- | ४५,३३,८०,०२९।०५ | ४८.०० |
| | **जम्मा :** | **१,६७,४१,४७,०००।-** | **५७,३२,८२,३५३।०५** | **३४.२४** |

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा नगरपालिकाबाट नगरपालिकाको ३९ औं र ४० औं नगर सभाबाट विनियोजित रकम मध्ये निम्नानुसार खर्च भएको विवरण प्राप्त भयो ।

(क) वडागत बजेटको खर्च विवरण :

| क.सं. | वडा नं. | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १. | १ | १,००,००,०००/ | ३०,६३,३४,६००।- | ३१% |

| | | | | |
|---|---|---|---|---|
| २. | २ | " | २१,०६,९०,०००।- | २१% |
| ३. | ३ | " | २२,९१,२८,०००।- | २३% |
| ४. | ४ | " | १६,३५,७५,५००।- | १६% |
| ५. | ५ | " | १६,७७,५०,०००।- | १७% |
| ६. | ६ | " | २८,०६,१३,१००।- | २८% |
| ७. | ७ | " | २८,८९,५५,२००।- | २९% |
| ८. | ८ | " | २१,८२,४३,३००।- | २२% |
| ९. | ९ | " | ३८,४८,९८,१००।- | ३८% |
| १०. | १० | " | ३२,४९,७३,१००।- | ३२% |
| ११. | ११ | " | १८,७५,७९,१००।- | १९% |
| १२. | १२ | " | ९,८८,१९,१००।- | १०% |
| १३. | १३ | " | ३२,२१,६२,१००।- | ३२% |
| १४. | १४ | " | ४१,१८,२८,५००।- | ४१% |
| | | **जम्मा** | **३,५९,५५,४९,७००।-** | |

(ख) नगर स्तरीय बजेटबाट :

| **क.सं.** | **कार्यक्रम** | **विनियोजित** | **खर्च विवरण** |
|---|---|---|---|
| १. | साना सिँचाई तर्फ | २५,००,०००।- | १४,६८,५००।- |
| २. | खानेपानी योजना मर्मत निर्माण | ३८,००,०००।- | ३९,७५,४००।- (-) |
| ३. | सडक बत्ती व्यवस्थापन | २०,००,०००।- | १६,१२,०६२।- |
| ४. | विपदजन्य कार्य तर्फ | ८०,००,०००।- | ५,७३,८५,०००।- |
| ५. | खेल व्यवस्थापन तर्फ | २५,००,०००।- | ७,२३,६८४।- |
| ६. | पूँजीगत विविध | १८,८३,०००।- | २०,३३,०००।- (-) |

**<u>निर्णय नं.६:</u>** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/१०/१६ गते शहिद दिवसका दिन मानुङकोट–पुलिमऱ्याङ्ग शहिद पार्कसम्म भएको अल्ट्रा म्याराथन प्रतियोगीतामा यस अघि रू.१०,००,०००/- विनियोजित गरिएकोमा निम्नानुसार भएको खर्च विवरणलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| **क.सं.** | **खर्च शिर्षक** | **अनुमानित** | **बास्तविक** | **कैफियत** |
|---|---|---|---|---|
| १. | पुरस्कार | ३,७०,०००।- | ३,६१,६६९।- | |
| २. | जर्सी | ६०,०००।- | ७३,१८७।३९ | |
| ३. | पत्रपत्रिका तथा सञ्चार | ३५,०००।- | ३१,०००।- | |
| ४. | रुट व्यवस्थापन | २०,०००।- | २४,१५७।- | |
| ५. | मञ्च व्यवस्थापन | ५०,०००।- | ७१,४६०।- | |
| ६. | खाजा खाना | १,८०,०००।- | २,६०,६३२।- | |
| ७. | इन्धन | ३५,०००।- | ३८,१४३।- | |
| ८. | फ्लेक्स तथा झण्डा | ७०,०००।- | ८९,०६०।- | |
| ९. | यातायात | १,५०,०००।- | १,७२,७८६।- | |
| १०. | प्राथमिक उपचार | ३०,०००।- | २९,९७८।- | |
| | **जम्मा** | **१०,००,००० ।-** | **११,५२,०७२।३९** | |

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७७ को दफा ८ सँग सम्बन्धित अनुसूची १, बुँदा नं.३ मा रहेको "पचास हजार"को सट्टा पचहत्तर हजार, बुँदा नं.४मा भएको "पच्चीस हजार"को सट्टा पचास हजार, बुँदा नं.५ मा रहेको रू."दश हजार"को सट्टा पच्चीस हजार रहने गरी संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा हाल मनसुनजन्य तथा भूकम्प प्रभावितमा पर्न नसकेका तत्काल मानवीय आधारमा घरबासमा समस्या भएका निम्न लिखित नगरवासीलाई कायविधिको प्रावधान अनुसार घर मर्मत/निर्माणका लागि निम्नानुसार सहयोग प्रहरी मुचुल्का/प्रतिवेदन, प्राविधिक स्टमेटको आधारमा उपलब्ध गराउने निर्णय गरिन्छ ।

| सि.नं. | नामथर | वडा | रकम | शिर्षक |
|---|---|---|---|---|
| १ | देवी विष्ट, घर निर्माण | १० | ७५,०००।- | विपद् |
| २ | ताराबहादुर गुरुङ्ग, घर निर्माण | १० | ७५,०००।- | विपद् |
| ३ | मिनबहादुर बि.क., घर निर्माण | १० | ७५,०००।- | विपद् |
| ४ | सोविता धिताल, घर निर्माण | ११ | ७५,०००।- | विपद् |
| ५ | ओमबहादुर थापा, घर निर्माण | १४ | ७५,०००।- | विपद् |
| ६ | अशोककुमारी श्रेष्ठ, घर निर्माण | १ | ७५,०००।- | विपद् |
| ७ | कमला पन्थ, अधुरो घर निर्माण | ९ | ५०,०००।- | विपद् |
| ८ | मंगलबहादुर मगर, घर निर्माण | ११ | ७५,०००।- | विपद् |
| ९ | पञ्चबहादुर बि.क., घर छाउने टिन खरिद | ११ | २०,०००।- | विपद् |
| | **जम्मा :** | | **५,९५,०००।-** | |

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा सरसफाईमा अत्यावश्यक बजेट शीर्षक नं.८१८ बाट खर्च हुने गरी कम्प्रेशन मेशिन १ र सरसफाईमा प्रयोग हुने गाडीमा जडान गर्न ५ वटा GPS मेशिन खरिदका लागि रू.७,२५,०००। विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१० :** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा विगत ३ वर्ष अघि जडित अग्नी नियन्त्रित सामग्रीहरु D.H.S सुरक्षा प्रा.लि. कम्पनीबाट लिइएकोमा सो म्याद समाप्त भई अग्नी नियन्त्रित सबै सामग्रीमा पुनः ग्याँस भर्नुपर्ने हुँदा लाग्ने दस्तुर विपद् कोषबाट बुझाई नवीकरण गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७७ को दफा ५ (ग) (३) (४) मा ५० घरधुरी र ५० सदस्य भन्ने प्रावधानको सट्टा टोल विकास समिति गठन हुँदा "शहरी वडाहरु (वडा नं.१, २, ३, ४) मा न्यूनतम १०० घरधुरी र अर्धशहरी, ग्रामीण वडाहरुमा न्यूनतम ५१ घरधुरी रहने" गरी कार्यविधि संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ बेतेनीमा निर्माणाधीन तनहुँ विद्युत परियोजनाको पहिलो प्याकेट अन्तर्गत बाँध निर्माणबाट उत्सर्ग भएको फोहोर मैला व्यास नगरपालिकाको सरसफाई केन्द्रमा व्यवस्थापन गर्ने र सो वापत फोहोर पुर्ने सामग्री परियोजनाले उपलब्ध गराउने गरी सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा नगरपालिकाबाट ठेक्का लगाइएको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन घाटको नियमित अनुगमनका लागि तपसिल बमोजिमको समिति गठन गर्ने,

(१) श्री इन्दिरा दरै . – उपप्रमुख
(२) श्री कुमार कंचन जि.सी. – वरिष्ठ आ.ले.प., आ.ले.प. शाखा
(३) श्री कृष्णराज घिमिरे – प्रशासकीय अधिकृत, राजश्व शाखा प्रमुख
(४) श्री रोचक क्षेत्री – ईन्जिनियर, योजना शाखा

(५)	श्री आषिक परियार	– नगर प्रहरी सहायक निरीक्षक, नगर प्रहरी
(६)	सम्बन्धित वडाका वडाध्यक्ष (सम्बन्धित वडा क्षेत्रमा पर्ने)

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत पुराना जिर्ण घरहरु भत्काउँदा प्राप्त हुने ढुंगा आर्थिक ऐनको परिधिमा रही र अन्य झ्यालढोका, काठपात, टिनहरु नगरपालिकाको प्रयोगमा नआएमा नियमानुसार लिलाम बढाबढद्वारा बिक्री गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा संघीय सरकारको समपुरक अनुदान अर्न्तगत व्यास नगरपालिका वडा नं.२ स्थित करंकाठ बसपार्क मोटरेवल पुल (बुल्दी खोला व्यास १ र २) निर्माण योजनाको लागि विद्युतीय बोलपत्र आब्हान गरिएकोमा न.पा.को स्वीकृत लागत अनुमान ( मु.अ.कर र कन्टिजेन्सी बाहेक रु.५,८२,४०,९४९। मा सबैभन्दा बढी ८.४० प्रतिशत रकम घटी विद्युतीय बोलपत्र दर्ता गराउने श्री Jwalamukhi Construction, Neelkantha 3 Dhading ले **कबोल गरेको (मु.अ.कर र कन्टिजेन्सी बाहेक)** रु.५,३३,५०,७३०। अंकको न्यूनतम मूल्यांकित विद्युतीय बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृत गरी निर्माण प्रक्रिया अगाडि बढाउन मूल्यांकन समितिबाट सिफारिस भै आएकोले उक्त ठेक्का स्वीकृत गरी सम्झौता प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा वडा नं.८ को वडा कार्यालय भवन निर्माणको लागि (मु.अ.कर र कन्टिजेन्सी समेत) रु.९५,४३,६१४।७४ को प्राविधिक लागत अनुमान तयार भएकोले चालु आर्थिक वर्षमा उक्त भवन निर्माणको लागि रु.४०,००,०००। मात्र बजेट विनियोजन भएको हुँदा नपुग बजेट आगामी आर्थिक वर्षको नगर सभाबाट विनियोजन गर्ने गरी लागत अनुमान स्वीकृत गर्ने र बहुवर्षीय ठेक्का प्रकाशनको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१७ :** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको हालसम्म स्वास्थ्य प्रोफाइल निर्माण नभएको हुँदा सो निर्माणका लागि तपसिल बमोजिमको स्वास्थ्य प्रोफाइल निर्माण समिति गठन गर्ने निर्णय गरियो ।

(१) संयोजक	– श्री गंगालाल सुवेदी	– प्रमुख प्रशासकीय अधिकृत
(२) सदस्य	– श्री गोकर्णराज वाग्ले	– प्रशासकीय अधिकृत
(३) सदस्य	– श्री दिनेश पण्डित	– सि.अ.हे.व. (दमौली अस्पताल)
(४) सदस्य	– श्री लक्ष्मी गुरुङ्ग	– जनस्वास्थ्य निरीक्षक
(५) सदस्य-सचिव	– श्री प्रमोद सोती	– जनस्वास्थ्य अधिकृत

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/११/३ गतेको कार्यक्रम कार्यान्वयन समितिको निर्णय बमोजिम धानबाली प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०" को अधिनमा रही प्राप्त आवेदनहरु माथि कार्यक्रम कार्यान्वयन समिति एवं सम्बन्धित शाखा मार्फत स्थलगत अनुगमनको आधारमा मापदण्ड पुगेका तपसिलको कृषि सहकारी/कृषक समूह छनौट गरी सम्झौताको लागि सिफारिस गर्ने निर्णय गरियो ।

धान बाली प्रवर्द्धन कार्यक्रममा छनौट भएका कृषक समूह र सहकारी सञ्चालन हुने कार्यक्रमहरुको विवरण :

| क.सं. | सहकारी समूहको नाम | ठेगाना | साना सिँचाई निर्माण तथा मर्मत कार्यक्रम | अनुदान रकम (प्रति सिँचाई स्किम बढीमा रू.७५,०००।-) |
|---|---|---|---|---|
| १. | भतेरी खेत कृषक समूह | व्यास ५, कन्टार | भतेरीखेत बाँध/कुलो निर्माण | ७५,०००।- |

| | | | | |
|---|---|---|---|---|
| २. | अन्नपूर्ण कृषि सहकारी सं. लि. | व्यास ६ अम्रेनी रातमाटा | सोसार्दे कुलो निर्माण | ७५,०००।- |
| ३. | कुसुमे उद्यमशील कृषि समूह | व्यास ९ कुसुमे | १) कुसुमे सिँचाई निर्माण 'क'<br>२) कुसुमे सिँचाई कुलो निर्माण 'ख' | १,५०,०००।- |

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा रहेका गर्भवती महिला पोषण कार्यक्रम सञ्चालन गर्ने क्रममा चालु आ.व.का लागि छुट्याइएको रकमले नपुग भई सम्बन्धित समितिबाट रकम माग भई आएकाले उक्त कार्यक्रमका लागि चालु आ.व.को खर्च शीर्षक नं. .... बाट रु. ७,००,०००। सात लाख थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका स्लेट ढुंगा उत्खनन तथा कटिङ्ग उद्योग सम्बन्धी अनुगमन तथा मुल्याङ्कन समितिबाट सिफारिस भई आएका तपसिल बमोजिमका योग्यता पुगेका स्लेट ढुंगा उत्खनन उद्योगहरु सञ्चालनका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

| क.सं. | संचालकको नामथर | उद्योगको नाम | उद्योगको ठेगाना | संचालकको ठेगाना | उत्खनन गरिने जग्गाको कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|---|---|
| १ | सुक बहादुर गुरुङ्ग | प्रदिप स्लेट ढुंगा उत्खनन उद्योग | व्यास १०, तनहुं | आरुघाट ६ गोरखा | फराकचौर ३/घ ७४ | १ -१३ -०-२ | प्रभादेवी पौडेल |
| २ | रमा वलामी/ रिम कुमारी थापा/ हेम कुमारी गुरुङ्ग | संयुक्त स्लेट ढुंगा उखनन उद्योग | व्यास ११, तनहुं | रामकोट ५काठमाण्डौं/ रानीपोखरी ६, तनहुं/व्यास,१ तनहुं | फराकचौर ३/घ २८१<br>फराकचौर ३/घ २८५<br>फराकचौर ३/घ २८२<br>फराकचौर ३/घ २७९<br>फराकचौर ३/घ २८० | २ -५-१-१<br>२ -५-१-१<br>१-०-१-०<br>२ -५-१-२<br>२ -५-१-२ | रमा वलामी/ रिम कुमारी थापा/हेम कुमारी गुरुङ्ग |
| ३ | सुरज आले | चण्डीमाई स्लेटढुंगा उत्खनन उद्योग | व्यास ११, तनहुं | शुक्लागण्डकी ५ तनहुं । | फराकचौर ३/घ २५८<br>फराकचौर ३/घ १७१<br>फराकचौर ३/घ ७४<br>फराकचौर ३/घ ७४<br>फराकचौर ३/घ ७४ | ३ -१० -१-०<br>३ -० -०-०<br>३ -० -०-१<br>२ -० -०-०<br>१ -४ -०-४ | प्रेम बहादुर राना,<br>गणेश बहादुर अधिकारी,<br>सुरज आले,<br>वसन्त बहादुर अधिकारी |
| ४ | रामबाबु श्रेष्ठ | शिवशक्ति स्लेट ढुंगा उत्खनन उद्योग | व्यास ११, तनहुं | गोरखा न.पा. ६ | फराकचौर ३/घ ७६ | ११-११ -०-२ | शिव बहादुर गुरुङ्ग |
| ५ | सोममायां गुरुङ्ग | हिरा स्लेट ढुंगा उत्खनन उद्योग | व्यास ११, तनहुं | व्यास १ | फराकचौर ३/घ ७४ | ४-९ -०-० | संगम घर्ति<br>हिरा गुरुङ्ग |

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा विभिन्न वडाहरुबाट सिफारिस भई आएका निम्नानुसारका कृषिमा वर्गीकरण भएका जग्गाहरुलाई गैह्रकृषिमा वर्गीकरण गर्ने निर्णय गरियो ।

**वडा नं.७**

पुष्पा थापा मगरका नाउंको व्यास ७ स्थित साविक क्यामिन छापथोक ७/ङ कि.नं. १२०, १२४ र १३३ (कृषिबाट गैह्रकृषि)

**वडा नं.९**
वलवीर थापाका नाउंको व्यास ९ स्थित साविक दलभञ्याङ्ग ८/ङ कि.नं. ३७६ । (कृषिबाट गैह्र कृषि)
**वडा नं.१२**
राम बहादुर गैरेका नाउंको व्यास १२ स्थित साविक कर्लुङ्ग २/घ कि.नं. १३५, १९३, २३७ र ३२२ । (कृषिबाट गैह्र कृषि)
**वडा नं.१३**
विराज पन्थका नाउंको व्यास १३ स्थित साविक केशवटार ६/ठ कि.नं. २ । (कृषिबाट गैह्र कृषि)

**निर्णय नं.२२ :** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा तनहुँ जलविद्युत परियोजनाले व्यास नगरपालिका वडा नं.५ को बेतेनी निर्माण स्थलबाट निस्किएको डस्ट तथा मकिङ आर्थिक ऐन २०८० को दफा १५ (अनुसूची १२.११) अनुसार बिकी गरी प्राप्त रकम व्यास नगरपालिकाको राजश्व खातामा जम्मा गर्ने गरी वडा नं.५ सँग समन्वय गरी व्यवस्थापन गर्न व्यास नगरपालिका राजश्व शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका सदस्य रहेको Global Parliament of Mayors सन् २०२४ को सदस्यता दस्तुर र United Cities Local Government. ASPAC को सदस्यता शुल्क बजेट शीर्षक नं.६४ बाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा अतिरिक्त समयमा डेङ्गु व्यवस्थापन कार्यमा २०८०/६/९ देखि २०८०/७/१९ सम्म अतिरिक्त समयमा काम गर्न निम्न लिखित कर्मचारीलाई नियमानुसार पाउने भत्ता बजेट शीर्षक नं.१५ बाट उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।
१. मे.अ. श्री नविना न्यौपाने
२. बि.एम.एल.टी. श्री प्रकाश खनाल
३. बी.एम.एल.टी. श्री आषिश श्रेष्ठ
४. सि.अ.हे.ब. अधिकृत श्री रामबहादुर गुरुङ्ग
५. हे.अ. श्री सुभद्रा आचार्य

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा अन्तर्राष्ट्रिय नारी दिवसका दिन फाल्गुण २५ गते (8 March) मा गरिँदै आएको महिला हाफ म्याराथन यस वर्ष स्थगन गरी सोही अवसरमा दमौलीमा महिला उद्यमी व्यापार प्रदर्शन एवं प्रवर्द्धन मेला मिति २०८०/११/२५ देखि २०८०/११/२७ सम्म दमौली अनसन चौतारी खुला मैदानमा सञ्चालन गर्न महिला उद्यमी संघ नेपाल तनहुँलाई जिम्मा दिने र उक्त मेला व्यवस्थापनका लागि बजेट शीर्षक नं.१०४ बाट रु.४,५०,०००। (चार लाख पचास हजार) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.९ बस्ने नवराज पौडेलका नाउँमा रहेको साविक दलभञ्ज्याङ्ग ९/ग कि.नं. २६६ र २६८ को जग्गाबाट कलेस्ती खोलाले पुरेको ढुंगा, गेगर्यान व्यास नगरपालिका आर्थिक ऐन २०८० को दफा १५ अनुसूची १२ (१०) बमोजिम प्रति क्यूफिट रु.६/- दस्तुर लिई सम्बन्धित वडा कार्यालय मार्फत बिकी वितरण गरी प्राप्त रकम राजश्व खातामा जम्मा गराउन राजश्व शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिकाको स्वीकृत दरबन्दीको कुचीकार पदमा व्यास नगरपालिका वडा नं.६ बस्ने सुशान्त पुलामीलाई करार सम्झौता भएकै मितिदेखि लागू हुने गरी २०८१ आषाढ मसान्तसम्म कामकाज लगाउने निर्णय गरियो ।

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको चालु आ.ब.मा भए गरेका समग्र कार्यहरुको सार्वजनिक सुनुवाई २०८० चैत्र १ गते दिनको ठीक ११.३० बजे व्यास नगरपालिका प्राङगण भित्र गर्ने निर्णय गरियो ।

**निर्णय नं.२९:** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा मासु प्रवर्द्धन कार्यक्रम (बाखा/भेडा/बंगुर/पाडा लगायत) तर्फ पर्याप्त आवेदन प्राप्त नभएको हुँदा फर्म/सहकारी संस्थाहरुलाई लक्षित गरी प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० अनुसार सहकारीको हकमा खसी/बोकामा अधिकतम प्रति के.जी. रू.२०। का दरले र फर्महरुको हकमा बंगुरको प्रति पाठा-पाठी रू.३००। का दरले बाखाको हकमा प्रति पाठा-पाठी रू.७५०। को दरले र भैंसीको हकमा प्रति पाडा रू.१५००। का दरले अनुदान रकम उपलव्ध गराउने गरी मापदण्ड निर्धारण गरी संशोधन सहित पुनः १४ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३०:** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न कार्यविधि अनुसार कृषकहरुले दुग्ध उत्पादक सहकारी संस्थाहरुमा दुध बिक्रीको परिमाणको आधारमा प्रति लिटर रू.१। को दरले सहकारी संस्थालाई अनुदान उपलब्ध गराउने गरी र नपुग रकम पशुपंक्षी विकास उपशाखा तर्फको वार्षिक कार्यक्रम "सहकारी मार्फत विकी हुने दुधमा किसानलाई उपकरण आदि अनुदान खर्च शीर्षक नं.९६" बाट भुक्तानी गर्ने गरी कार्यक्रम सञ्चालन गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३१:** प्रस्ताव नं.३१ का सम्बन्धमा छलफल हुँदा जिल्ला सभा तनहुँको स्वामित्वमा रहेको दमौली ट्रेड सेण्टर सञ्चालित जग्गामा बाल उद्यान लगायत हरित पार्क निर्माण गर्ने योजना सहित भोगाधिकार प्राप्त गर्न जिल्ला समन्वय समिति तनहुँलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.३२:** प्रस्ताव नं.३२ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका विपदजन्य एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो । उक्त कार्यक्रमहरु सञ्चालन गर्दा नियमानुसार सम्बन्धित शाखासँग सम्पर्क गरी सम्झौता गर्ने र कार्य सम्पन्न भए पश्चात सम्बन्धित वडाबाट कार्यसम्पन्न भएको भनी भुक्तानीको लागि सिफारिस पत्र ल्याउनु पर्ने समेत निर्देशन दिने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम ।- | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | अकला ब्याड्मिन्टन खेलमैदान निर्माण | १ | ५०,०००।- | ९७२ |
| २. | सिन्धु मार्ग भारलाङ्गे जिर्ण नाला निर्माण | ५ | ६५,०००।- | मर्मत कोष |
| ३. | बाह्रविसे रिठ्ठाबोटे पहरेढाप खोल्सी कुलो मर्मत | ६ | ७५,०००।- | ८२३ |
| ४. | बिलबहादुर सुनार आरन व्यवस्थापन | ७ | २०,०००।- | १२४ |
| ५. | बेलथुम्की पहिरो नियन्त्रण सतिघर संरक्षण | ८ | १,००,०००।- | विपद |
| ६. | जौबारी लिफ्टिङ्ग खानेपानी मोटर खरिद | ९ | १,००,०००।- | विपद |
| ७. | शिवालय कृषि समूह सिंचाई पाइप खरिद | १० | ३०,०००।- | ८२३ |
| ८. | कृषि फर्म सिंचाई पाइप तारादेवी श्रेष्ठ | १० | १५,०००।- | ८२३ |
| ९. | निर्घबहादुर सार्की सिंचाई पाइप खरिद २५ एम.एम. | १० | ३५,०००।- | ८२३ |
| १०. | समिक्षा दरै कृषि सिंचाई पाइप खरिद | १० | ३५,०००।- | ८२३ |
| ११. | दुम्दुमेश्वर महादेव महाशिवपुराण व्यवस्थापन | १० | ४०,०००।- | १३० |
| १२. | निबुवाटारी खानेपानी पाइप नारेश्वर ताल अन्तर्गत मर्मत खरिद | १० | २५,०००।- | विपद |
| १३. | मनकामना चण्डी मन्दिर निर्माण भुक्तानी | १२ | ३५,०००।- | ८२३ |
| १४. | फराकचौर बाँसकोटे खेत कुलो मर्मत निर्माण | ११ | २,५०,०००।- | ८२३ |
| १५. | बराहखोला टोल विकास बौद्ध गुम्बा भवन निर्माण सहयोग | ११ | २,००,०००।- | ८२२ |
| १६. | गण्डकी नेपाल इन्भेष्टमेण्ट प्रा.लि.पुरनडिही सोलार हिटर खरिद | ११ | १,५०,०००।- | ८८२ |
| १७. | कालिका पशु फारम सोलार हिटर खरिद | ११ | १,५०,०००।- | ८८२ |

| | | | | |
|---|---|---|---|---|
| १८. | रातमाटा टोल कटुजे खानेपानी सिँचाई व्यवस्थापन | ११ | ८०,०००।- | ८२३ |
| १९. | शिवालय आमा समूह अधुरो भवन ट्रष्ट निर्माण | १२ | १,००,०००।- | ८२२ |
| २०. | अनिता थापा पहिरोबाट घर संरक्षण | १३ | ५०,०००।- | विपद |
| २१. | खानेपानी पाइप खरिद निरबहादुर थापा समेत | १४ | ४५,०००।- | ८२३ |
| २२. | केशवटार मा.वि. सौर्य ऊर्जा व्यवस्थापन | १४ | २,००,०००।- | ८८२ |
| २३. | पतन्जली योग समितिलाई साउण्ड सिस्टम सहयोग | | ४०,०००।- | ८२२ |
| २४. | सामुदायिक विद्यालय स्तरीय लोकदोहोरी प्रतिष्ठान | | ४०,०००।- | १ |
| २५. | देश दर्पण साप्ताहिक विज्ञापन भुक्तानी | | १५,०००।- | ३९ |
| २६. | मालपोत कार्यालय तनहुँ कार्यालय व्यवस्थापन | | १,००,०००।- | २८ |
| २७. | गुरुङ्ग राष्ट्रिय परिषद्को कार्यक्रम सहयोग | | २०,०००।- | १३० |
| २८. | जिल्ला प्रहरी कार्यालय तनहुँ फर्निचर फर्निसिङ खरिद | | १,३४,०००।- | ९७३ |
| २९. | गोबर ग्याँस व्यवस्थापन सहयोग प्रति घर २०,०००।- = ५ | | १,००,०००।- | ८८२ |
| ३०. | सडक बत्ती र खानेपानी योजनाका लागि Concentric wise | | ९९,१५७५० | ८२४ |
| | **जम्मा :** | | **२३,९८,१५७५०** | |